# नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड

## सिनामंगल, काठमाण्डौको

मिति २०८२ जेठ ८ गते बिहिवारका दिन सम्पन्न भएको छैटौं वार्षिक साधारण सभाको
काम कारबाहीको विवरण (माईन्यूट)

यस कम्पनीको छैटौं वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री आनन्द कुमार अग्रवाल वगडियाज्यूको अध्यक्षतामा मिति २०८२ जेठ ८ गते बिहिवारका दिन अमृतभोग क्याटर प्रा.लि., कालिकास्थान, काठमाण्डौ अपराह्न २ बजे सुरु भई करिब ४:३० बजेसम्म पूर्व निर्धारित विषय माथि छलफल गरी भएको निर्णय अभिलेख (माइन्यूट) निम्न बमोजिम रहेको छ ।

**१. सभाको सूचना जारीः**

सञ्चालक समितिको मिति २०८२-०१-११ गते बसेको ७१ औं बैठकले कम्पनीको छैटौं वार्षिक साधारण सभा मिति २०८२ जेठ ८ गते बिहिवारको दिन अपराह्न २ बजे देखि अमृतभोग क्याटर प्रा.लि., कालिकास्थान, काठमाण्डौमा बस्ने निर्णय भए अनुसार कम्पनीको सभा सम्बन्धी सूचना शेयरधनी महानुभावहरूले उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुको साथै कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) र कम्पनीको नियमावलीको नियम १८ को (३) अनुसारको व्यवस्था बमोजिम मिति २०८२-०१-१२ र मिति २०८२-०१-२३ गते नेपाल समाचार पत्र राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको थियो ।

**२. उपस्थितिः**

**क. सञ्चालकहरूको उपस्थितिः**

१. श्री आनन्द कुमार अग्रवाल वगडिया – अध्यक्ष

२. श्री दिप प्रकाश पाण्डे – सञ्चालक

३. श्री सतिश चन्द श्रेष्ठ – सञ्चालक

४. श्री तेन्जिङ छुफेल लामा – सञ्चालक

५. श्री प्रदिप कुमार अग्रवाल – सञ्चालक

६. श्री सदिक्षा श्रेष्ठ – स्वतन्त्र सञ्चालक

**ख. पदाधिकारीहरूको उपस्थितिः**

१. श्री पवन कुमार शर्मा - प्रमुख कार्यकारी अधिकृत

NEPAL WAREHOUSING COMPANY LIMITED



Scanned with CamScanner

२. श्री नरेन्द्र प्रसाद भट्ट - महाप्रबन्धक तथा कम्पनी सचिव

३. श्री निश्चित अर्याल - प्रमुख व्यवसाय अधिकृत

४. श्री आकांक्षा शर्मा – लेखा तथा वित्तीय शाखा प्रमुख

**ग. आमन्त्रितहरूको उपस्थिति:**

१. लेखा परीक्षक, श्री पिकेएफ टिआर उपाध्याय एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टसबाट प्रतिनिधि

२. श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रतिनिधि

**घ. शेयरधनीहरुको उपस्थिति:**

१. स्वयम् उपस्थित हुने शेयरधनीको सङ्ख्याः १०४

२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरुको सङ्ख्याः १२

३. जम्मा उपस्थित सङ्ख्याः ११६

**३. गणपुरक संख्या तथा सभाको बैधानिकता**

| विवरण | कुल शेयर सङ्ख्या | सभामा उपस्थित शेयरधनीको शेयर सङ्ख्या | सभामा कुल शेयरको प्रतिनिधित्व % | शेयरधनीहरुको उपस्थित सङ्ख्या |
|---|---|---|---|---|
| संस्थापक समूह (८०%) | ५५,००,००० | ४५,३४,९०० | ८२.४५% | १४ |
| सर्वसाधारण समूह (२०%) | १३,७५,००० | १७,७२३ | १.२९% | १०२ |
| जम्मा | **६८,७५,०००** | **४५,५२,६२३** | **६६.२२%** | **११६** |

कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ मा भएको व्यवस्था बमोजिम साधारण सभा हुन कम्पनीको बाँडफाँड भएको कुल शेयर सङ्ख्याको ५०% भन्दा बढी शेयर प्रतिनिधित्व हुने गरी कुल शेयरधनी मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा निजका प्रतिनिधिहरू मार्फत उपस्थित भएमा साधारण सभाको लागि गणपूरक सङ्ख्या पुगेको मानिने प्रावधान भए अनुरूप नै यस कम्पनीको कूल ६८,७५,००० कित्ता शेयर मध्ये ४५,५२,६२३ कित्ता शेयर धारण गरेका ११६ जना शेयरधनीहरु स्वयम् तथा प्रतिनिधि पत्र मार्फत उपस्थित भई कूल शेयरको ६६.२२% को प्रतिनिधित्व भएको हुँदा कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली अनुसार सभाको गणपूरक सङ्ख्या पुगी सभा सञ्चालन हुन वैधानिकता रहेको व्यहोरा कम्पनी सचिवले सभामा जानकारी गराएपछि सभाको औपचारिक कार्यक्रमहरू सुरु भयो।

NEPAL WAREHOUSING COMPANY LIMITED

Scanned with CamScanner

### ४. सभाको छलफलका प्रस्तावहरू:

### क. सामान्य प्रस्ताव

१. आ.व. २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा आ.व २०८०/८१ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण तथा अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।

३. आ.व. २०८१/८२ को लागि बाह्य लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४. स्वतन्त्र सञ्चालकको नियुक्ती अनुमोदनको लागि पेस गरी पारित गर्ने ।

५. सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको निर्वाचन गर्ने ।

### ख. विशेष प्रस्ताव

१. कम्पनीको रजिस्टर्ड कार्यालयको ठेगाना परिवर्तन गर्ने ।

२. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन/थप गर्ने र नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा वा आवश्यकता अनुसार प्रबन्धपत्र तथा नियमावलीमा परिवर्तन वा संशोधन गर्न परेमा सो गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी दिने ।

### ग. विविध ।

### ५. सभाको अध्यक्षता:

साधारण सभा सुरु हुनु अघि कम्पनी सचिव श्री नरेन्द्र प्रसाद भट्टले उपस्थित शेयरधनी महानुभावहरुको स्वागत गर्नु हुँदै कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री आनन्द कुमार अग्रवाल वगडियाज्यूलाई कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) तथा कम्पनीको नियमावलीको नियम १९ मा व्यवस्था भए बमोजिम सभाको अध्यक्षता ग्रहण गरिदिनुहुन हार्दिक अनुरोध गर्नुभयो ।

### ६. सभा सञ्चालन:

सभाध्यक्ष श्री आनन्द कुमार अग्रवाल वगडियाज्यूले आफ्नो स्वागत मन्तव्य सहित छैटौं वार्षिक साधारण सभा सञ्चालन गर्नुभयो । सभाध्यक्षले कम्पनीले गरेको उपलब्धि, चुनौती, भावी रणनीति र छैटौं वार्षिक साधारण सभाको प्रस्तावहरू पेश गर्नुभयो र उपस्थित शेयरधनी महानुभावहरूलाई क्रमशः आफ्नो विचार, सुझाव, प्रश्न तथा जिज्ञासा राख्न अनुरोध गर्नुभयो ।

NEPAL WAREHOUSING COMPANY LIMITED

Scanned with CamScanner

### ७. शेयरधनी महानुभावहरूको मन्तव्य, प्रश्न, जिज्ञासा तथा सुझावहरू:

मौखिक तथा लिखित रूपमा आफ्नो अभिव्यक्ति राख्ने सबै शेयरधनी महानुभावहरूले छैटौं वार्षिक साधारण सभाका प्रस्तावहरू समर्थन जनाउनु साथै कम्पनीको तथा सभाको सफलताको कामना गर्नुभयो। शेयरधनी महानुभावहरूले राख्नु भएको विचार, सुझाव, प्रश्न तथा जिज्ञासाहरूको संक्षिप्त विवरण निम्न अनुसार रहेको छ।

**क. श्री जगन्नाथ आचार्य**

शेयरधनीको मुख्य विषय लाभांश रहेको र कम्पनीले लाभांश वितरण नगरेकोमा दुःख व्यक्त गर्नुभयो। यद्यपि कम्पनीको नोक्सान कम हुँदै गइरहेको विषयमा खुसी व्यक्त गर्दै आगामी वर्षहरूमा लाभांश वितरण हुने आशा व्यक्त गर्नुभयो। कम्पनीले गहुँ, मकै, भटमासको भण्डारण तिन वटा प्रदेशबाट गर्दै आइरहेकोमा ग्राहकहरूलाई अन्य अन्नहरूको समेत भण्डारणको सुविधा दिन र सातै प्रदेशमा सेवा विस्तार गर्न समेत सुझाव दिनुभयो। व्यवस्थापकहरूको वृत्ति विकासमा ध्यान दिन र व्यवस्थापकहरूको विवरण समेत वार्षिक प्रतिवेदनमा उल्लेख गर्न सुझाव दिनुभयो। साथै अनुभवी सञ्चालकहरू रहेकोले यस कम्पनीले राम्रो गर्दै जाने विश्वास रहेको बताउनु भयो। अन्त्यमा कम्पनीका नयाँ सञ्चालकलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिनुभयो।

**ख. श्री भेषराज भण्डारी**

नेपालको लागि नौलो किसिमको र नयाँ प्रविधिमा आधारित साईलो भण्डारण सुविधा दिएर कृषि क्षेत्रमा योगदान पुऱ्याई रहेकोमा खुसी लागेको बताउनु भयो। कम्पनीलाई वार्षिक साधारण सभा समयमै सम्पन्न गर्न अनुरोध गर्नुभयो। सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व गर्ने नयाँ सञ्चालकज्यूलाई सर्वसाधारणको हकहितको लागि सञ्चालक समितिको बैठकमा आवाज उठाउन सुझाव दिनुभयो। नयाँ अनुभवी प्रमुख कार्यकारी अधिकृतले कम्पनीको नेतृत्व सम्हाल्नु भएकोमा आशा जागेर आएको बताउनु भयो र आगामी वर्ष लाभांश पाउनुपर्ने अपेक्षा समेत राख्नु भयो। प्रमुख कार्यकारी अधिकृतको सफल कार्यकालको शुभकामना दिनुको साथै कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो।

**ग. श्री शत्रुधन श्रेष्ठ**

१७ जना मात्र कर्मचारीले कम्पनी सञ्चालन गरिरहेको कुरा सराहनीय रहेको भएको बताउनु भयो। आगामी दिनहरूमा तिन वटा जिल्ला सुनसरी, पर्सा र कपिलवस्तुमा मात्र सीमित नरही अन्य जिल्लाहरूमा क्रमिक रूपमा व्यवसाय विस्तार गर्न सुझाव दिनुभयो। हाल बैङ्क तथा वित्तीय संस्थाहरूको व्याज दर कम रहेकोले ऋण भुक्तानी गर्नु भन्दा व्यवसाय विस्तारमा रकमाको सदुपयोग गर्न सुझाव दिनुभयो।

NEPAL WAREHOUSING COMPANY LIMITED

**घ. श्री इन्द्र प्रसाद लामिछाने**

पूर्व बक्ताहरूले धेरै जसो विषय उठान गरी सकेकोले आफ्नो विचार छोटकरीमा राख्ने व्यहोरा उल्लेख गर्नुभयो । खर्चमा मितव्ययिता अपनाउन र लाभांश वितरण गर्न सक्ने गरी आय आर्जनमा ध्यान दिन सुझाव दिनुभयो । हकप्रद शेयर निष्कासन प्रक्रियालाई द्रुत गतिमा अगाडि बढाउन अनुरोध गर्नुभयो । सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व गर्ने नयाँ सञ्चालकज्यूलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिनुभयो ।

**ङ. श्री गोविन्द केसी**

अध्यक्षज्यूले यो वर्ष वार्षिक साधारण सभा ढिला हुनुको कारण खुलाई दिनु भएकोमा धन्यवाद दिनुभयो । आगामी वर्ष साधारण सभा समयमा सम्पन्न गर्न सुझाव दिनुभयो । चालु आर्थिक वर्षको चैत्र मसान्त सम्मको तेस्रो त्रैमासिक प्रतिवेदन सार्वजनिक भैसकेको र वित्तीय सूचक परिसूचक सुधारोन्मुख रहेकोमा खुसी व्यक्त गर्नुभयो । यद्यपि कम्पनीको नेटवर्थ कम हुँदै गइरहेकोले सञ्चालक समितिको त्यस तर्फ ध्यानाकर्षण गराउनु भयो । सञ्चालकहरू अनुभवी रहनु भएको र प्रमुख कार्यकारी अधिकृत समेत अनुभवी आउनु भएकोले सबैले मिलेर इमानदारीताका साथ काम गरेमा कम्पनीको प्रगतिमा कुनै सन्देह नरहेको विचार व्यक्त गर्नुभयो । यो व्यवसाय कृषि क्षेत्र सङ्ग जोडिइएको नयाँ विषय रहेकोले केही समय कम्पनीले सङ्घर्ष गर्नु परेको तर भविष्य राम्रो रहेको बताउनु भयो । हकप्रद शेयर निष्कासन छिटो गर्न सुझाव दिनका साथै नेपाल वेयरहाउजिङ्ग कम्पनीलाई छिट्टै एक सफल कम्पनीको रूपमा स्थापित गर्न सफलता मिलोस भनि शुभकामना व्यक्त गर्नुभयो ।

**च. श्री वैजुनाथ रौनियार**

यो वर्ष  शेयरधनीको हात खाली रहेकोमा दुःख व्यक्त गर्नुभयो र आगामी वर्ष लाभांशको अपेक्षा रहेको बताउनु भयो । कम्पनीको साईलो स्थपना गरिएको जिल्ला सहित क्षमता उल्लेख गरिएको तर उक्त जिल्लाको कुन ठाउँमा हो भन्ने विस्तृत विवरण राखेको भए राम्रो हुने सुझाव दिनुभयो । हाल बैङ्क तथा वित्तीय संस्थाहरूको व्याज दर कम रहेकोले हकप्रद निष्कासनबाट उठ्ने रकमबाट ऋण भुक्तानी गर्नु भन्दा व्यवसाय विस्तारमा रकमाको सदुपयोग गर्न सुझाव दिनुभयो । सम्पत्ति खरिदको रकम उल्लेख गरिएको तर कुन के सम्पत्ति कुन परियोजनाको लागि खरिद गरिएको त्यो स्पष्ट पारेको भए अझ राम्रो हुने विचार राख्नुभयो । यस कम्पनीको संस्थापक सदस्यहरू सक्षम र अनुभवी रहेकोले सर्वसाधारण लगानीकर्ताको लगानी सुरक्षित रहेको विश्वास व्यक्त गर्नुभयो । साथै सभाको सबै प्रस्तावमा समर्थन रहेको विचार व्यक्त गर्नुभयो । अनुभवी प्रमुख कार्यकारी अधिकृतले कम्पनीको लागि राम्रो काम गर्ने विश्वास व्यक्त गर्दै कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

NEPAL WAREHOUSING COMPANY LIMITED

**छ. श्री चन्द्र नारायण श्रेष्ठ**

शेयरधनीले हेर्ने भनेको नाफा र लाभांश हो त्यस तर्फ कम्पनीको सञ्चालक समिति र व्यवस्थापले ध्यान दिन जरुरी रहेको बताउनु भयो। हाल व्याज दर कम रहेकोले हकप्रद निष्कासनबाट संकलनहुने रकम ऋण भुक्तानी गर्नु भन्दा व्यवसाय विस्तारमा रकमको सदुपयोग गर्न सुझाव दिनुभयो। थप आय आर्जन कहाँ र कसरी गर्न सकिन्छ त्यता लगानी गर्न सुझाव दिनुभयो। यस कम्पनीको व्यवसाय मौलिक र भिन्न किसिमको रहेकोले बिस्तारै कम्पनीले सफलता कायम गर्ने कुरामा विश्वास रहेको बताउनु भयो। अन्त्यमा कम्पनीको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभयो।

**ज. श्री सुदिप श्रेष्ठ**

नेपाल कृषि प्रधान देश हो। यस कम्पनीले उत्पादित अन्नको आधुनिक तरिकाले भण्डारण गरेर कृषि क्षेत्रमा योगदान गरिरहेको कुरा प्रशंसनीय रहेको बताउनु भयो। यस कम्पनीले यो भण्डारण सुविधा सातै प्रदेशहरुमा हुनुपर्छ भन्ने विचार राख्नुभयो। पोल्ट्री फार्मको लागि मकै बाह्रै महिना चाहिने र मकैको आधुनिक तरिकाले भण्डारण गरेर यस कम्पनीले पोल्ट्री फार्मको व्यवसायको विकासमा समेत सहयोग गरिरहेको बताउनु भयो। कम्पनीको नोक्सान कम हुँदै गैरकोले यो कम्पनी छिट्टै नाफा आर्जन गर्ने विश्वास व्यक्त गर्नुभयो। यो कम्पनीको सञ्चालकहरूमा आफ्नो क्षेत्रमा सफल व्यक्तित्व रहेका हुनाले कम्पनीले राम्रो गर्नेमा कुनै सन्देह नरहेको विचार राख्नु भयो। वार्षिक साधारण सभा समयमै गर्न ध्यान दिनुपर्ने र वार्षिक प्रतिवेदनमा चार्टहरू राखेर सरल तरिकाले बुझ्ने गरी प्रकाशन गरेको भए अझ राम्रो हुने थियो भनी आफ्नो विचार प्रस्तुत गर्नुभयो।

**झ. श्री माधव सिंखडा**

शेयरधनीहरूलाई लाभांश वितरण गर्न कम्पनी सफल नभएकोमा दुःख लागेको विचार व्यक्त गर्नुभयो। वार्षिक साधारण सभा सधैँ समयमै गर्न अनुरोध गर्नुभयो। हकप्रद शेयर निष्कासनको प्रक्रिया कहाँ पुगेको छ भनी जिज्ञासा राख्नु भयो। सर्वसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालकलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिनुभयो।

**ञ. श्री रूपा राई**

आफ्नो विचार राख्न र प्रश्न सोध्ने मौका दिनुभएकोमा धन्यवाद दिनुभयो। कपिलवस्तुमा संचालित आयोजनाको प्रगतिको अवस्था के छ भनी प्रश्न सोध्नु भयो। सुनसरी र पर्सामा रहेका साईलोहरु कति क्षमतामा सञ्चालन भइरहेका छन् भनी सोध्नु भयो। एक करोड बराबरको सफ्टवेयर खर्च भएकोले त्यो सफ्टवेयर के कस्तो हो भनी



NEPAL WAREHOUSING COMPANY LIMITED

Scanned with CamScanner

विस्तृत जानकारी दिन अनुरोध गर्नुभयो । सुनसरी जग्गा विवादको बारेमा समेत विस्तृत जानकारी दिन अनुरोध गर्नुभयो ।

**ट. श्री इन्द्र कृष्ण श्रेष्ठ**

कम्पनी नयाँ भएकोले कम्पनीको गतिविधिलाई सर्वसाधारण शेयरधनीले चासोका साथ हेरिरहेको बताउनु भयो । सम्पत्ति खरिद गरेको कुल रकम उल्लेख भएको तर कुन सम्पत्ति खरिद गरिएको हो नखुलाएको हुनाले त्यसको जानकारी माग्नु भयो । यो कम्पनीले सबै किसिमका अन्नको भण्डारण सुविधा सुरु गर्न सुझाव दिनुभयो । कम्पनीले कुनै सामाग्री प्रकाशन गर्दा नेपाली भाषामा गर्दा राम्रो हुने बताउनु भयो र यो कम्पनी कृषि पेशासँग जोडिएको हुनाले नेपाली भाषालाई प्राथमिकता दिन सुझाव दिनुभयो । अन्त्यमा कम्पनीको उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्नुभयो ।

**ठ. उत्तम पाठक**

उहाँले सेयरधनीहरूले लाभांशप्रति धेरै अपेक्षा नराखी दीर्घकालीन मूल्य सिर्जनामा विश्वास राख्न सुझाव दिनुभयो । साथै, कम्पनीको व्यवस्थापन टोलीलाई जति सक्दो छिटो सुधारका उपायहरू पहिचान गरी कम्पनीलाई नाफाको बाटोतर्फ लैजान विशेष सक्रियता देखाउन अनुरोध गर्दै, सबैको सामूहिक प्रयासले कम्पनीको भविष्य उज्ज्वल बनाउन सकिने विश्वास व्यक्त गर्नुभयो ।

**ड. नरसिहं लाल चाखूं**

कम्पनीलाई व्यापार प्रवर्द्धनात्मक कार्यमा ध्यान दिन सुझाव दिनुभयो । जोखिम व्यवस्थापन र कार्य संचालन प्रणालीमा सुधार गर्ने अनुरोध गर्नुभयो । खर्च मितव्ययिता र आय आर्जनमा ध्यान दिंदै कम्पनीलाई नाफामा संचालन गर्नेतर्फ सञ्चालक समिति र व्यवस्थापनको ध्यानाकर्षण गर्नुभयो । कम्पनीको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभयो ।

**ढ. नीरूपमा गुप्ता**

वार्षिक साधारण सभा ढिलै भए पनि वार्षिक साधारण सभा गर्नु भएकोमा धन्यवाद दिनुभयो । कम्पनीले राम्रै काम गरिरहेको भए तापनि सूचकाङ्कहरू ऋणात्मक रहेकोले सूचकाङ्कको सुधारको लागि काम गर्न अनुरोध गर्नुभयो । हकप्रद शेयर सेयरधनीका लागि लगानीको अवसर भएकोले हकप्रद समयमै निष्कासन गर्ने समेत अनुरोध गर्नुभयो । कम्पनी कहिले नाफामा जान सक्छ र त्यसका लागि के योजना र रणनीति बनाउनु भएको छ भनी प्रश्न गर्नुभयो । अन्त्यमा कम्पनीको उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्नुभयो ।

NEPAL WAREHOUSING COMPANY LIMITED



Scanned with CamScanner

**८. शेयरधनी महानुभावहरूको प्रश्न, जिज्ञासा तथा सुझावहरू उपर सामूहिक रूपमा दिइएको प्रत्युत्तर:**

साधारण सभामा आफ्नो प्रश्न, जिज्ञासा तथा सुझाव सहितको विचार राख्नु भएका सबै शेयरधनी महानुभावहरूलाई अध्यक्षज्यूले धन्यवाद दिँदै एकमुष्ट रूपमा सबैले राखेका प्रश्न र जिज्ञासाहरूको जवाफ दिनुभयो।

अध्यक्षज्यूले प्रश्न तथा जिज्ञासाहरूको दिनुभएको जवाफ संक्षिप्तमा निम्न बमोजिमको रहेको छ।

विभिन्न कोणबाट प्रश्न तथा जिज्ञासा आएकोमा खुसी व्यक्त गर्नुभयो। लगानीको प्रतिफलको आशाले नै उहाँ लगायत सभामा उपस्थित सबै सेयरधनीले लगानी गरेको विचार राख्नु भयो। व्यापारमा जोखिम पनि हुने र जोखिम लिए बापत प्रतिफल पनि पाइने विचार व्यक्त गर्नुभयो। सभामा उपस्थित सबैको मनसाय एउटै रहेको तर विगतका वर्षहरूमा विभिन्न किसिमका परिस्थितिहरू रहेको जस्तै कोभिड, तरलताको समस्या र यो नयाँ किसिमको व्यापार रहेकोले बुझाउन केही समय लागेको भएतापनि यो नयाँ प्रविधिको व्यवसाय समय सँगै धेरैले बुझ्दै गएको बताउनु भयो।

गत आर्थिक वर्ष भन्दा चालु आर्थिक वर्षको आर्थिक विवरण सकारात्मक रहेका छन्। यो आयोजना ३ वर्ष पछाडि परेकोले सावाँ-व्याजको भार परेर नगद प्रभावमा समस्या मात्र परेको, सैद्धान्तिक रूपमा राम्रो काम गरेको र अलिकति धैर्यता राख्न आवश्यक रहेको र प्रतिफल आउनेमा पूर्ण विश्वास रहेको बताउनु भयो यो कम्पनीको मुख्य लगानी जग्गा, भवन, प्लान्ट र उपकरणहरूमा केन्द्रित रहेको छ, जसको मूल्य समयसँगै बढिरहेको छ। यस्तो अवस्थामा, कुनै किसिमको चिन्ता वा आत्तिनुपर्ने स्थिति नरहेको स्पष्ट छ। हाल देखिएको चुनौती केवल नगद प्रवाह सँग सम्बन्धित रहेकोले सबै पक्षले यो कुरा सकारात्मक ढंगले बुझिदिनुहुन आग्रह गर्नुभयो। कम्पनी आफ्नो संचालनलाई अझ प्रभावकारी बनाउँदै छिट्टै नाफा आर्जन गर्ने यात्रामा अघि बढ्नेछ, जसले समग्र वित्तीय अवस्था थप सुदृढ बनाउनेछ भनी उल्लेख गर्नुभयो। हाम्रो कम्पनीले हाल नगद प्रवाहको सन्तुलनका लागि पूँजी जुटाउनु आवश्यक भएकाले हकप्रद सेयर निष्कासनको निर्णय गरिएको हो भन्ने कुरामा जोड दिनुभयो।

कम्पनीले खर्च मितव्ययिता र नगद प्रभाव व्यवस्थापनमा विशेष ध्यान दिएको छ। सैद्धान्तिक रूपमा सही व्यवसाय गरेको र यो कुरा ग्राहक लगायत सबै सरोकारवालाहरूले बुझ्दै गइरहेकोले हाम्रो कामबाटै सबैलाई यस व्यवसायको बारेमा बुझाउने रणनीति रहेको छ। ग्राहकहरू खुसी छन् जसले बिस्तारै विश्वासको वातावरण सृजना गरेको छ। अहिले साईलो भण्डारणको लागि केही पूर्व बुकिङ भैसकेको र केही बुकिङको पाइपलाईनमा



NEPAL WAREHOUSING COMPANY LIMITED

रहेका छन् । यस वर्ष कुल भण्डारण क्षमताको ८० प्रतिशत सम्मको क्षमतामा साईलो भण्डारण हुने विश्वास रहेको बताउनु भयो ।

साईलोमा भण्डारण गरिएको ग्राहकको अन्नलाई धितो राखी बैङ्क मार्फत सम्बन्धित ग्राहकलाई ऋण उपलब्ध गराउन Warehouse Receipt Financing (डब्लुआरएफ)मा काम गर्नुपर्ने छ । जसले ग्राहकहरूलाई बैङ्कबाट भण्डारण गरेको अन्नमा ६० देखी ७० प्रतिशत सम्म ऋण प्रदान गर्ने छ । यो सुविधा उपलब्ध गराउन कम्पनीले काम गरिरहेको र यो सुविधा उपलब्ध गराए सँगै व्यापारमा पनि सकारात्मक प्रभाव पर्ने र कमोडिटी एक्सचेन्ज सञ्चालनमा आए त्यसले समेत व्यवसायमा सकारात्मक असर पर्ने कुरा बताउनु भयो ।

सभामा उठान भएका सबै सुझावहरूलाई स्वीकार गरेको र यथासम्भव सबै सुझावहरूलाई सम्बोधन हुने गरी काम गर्ने प्रतिबद्धता जाहेर गर्नुभयो । सबै सञ्चालकहरू भौतिक रूपमै उपस्थित हुन पर्नेमा कुनै दुबिधा छैन यद्यपि अनलाइनमा उपस्थित सञ्चालक अस्वस्थ हुनुभएकोले अनलाइनमा उपस्थित हुनु पारेको जानकारी दिनुभयो ।

सुनसरी जिल्लामा रहेको यस कम्पनीको जग्गाको मोही सम्बन्धी मुद्दाको विषयमा करिब ४ बिघाको बिचमा ५-६ कट्ठाको विषयमा मोहीको मुद्दा रहेको छ । यो विषय कानुनी प्रक्रियामै छ । विवादित भनिएको जग्गा बाटोको पहुँच नभएको र कम्पनीको जग्गाले घेरिएकोले हाम्रो दैनिक काम कारवाहीमा कुनै समस्या नपर्ने भएकोले चिन्ता लिनुपर्ने विषय नरहेको बताउनु भयो । त्यसको समाधानको लागि सबै प्रयास गर्ने प्रतिबद्धता समेत दिनुभयो । खर्च कटौती गर्न र ग्राहकहरूलाई थप स्तरीय सेवा प्रदान गर्न रजिस्टर्ड ठेगाना स्थानान्तरण गरेको बताउनु भयो । आवश्यकता बमोजिम पछि काठमाण्डौमा सार्न सकिने जिकिर गर्नुभयो । सम्पत्ति खरिदको विषयमा कपिलवस्तुको आयोजना निर्माणाधीन रहेकोले त्यसमा भएको खर्च पुँजीगत खर्चको रूपमा उल्लेख भएको बताउनु भयो । अहिले ब्याज सस्तो भएकोले ऋण तिर्नको सट्टा व्यवसाय विस्तारमा लगाउन पर्ने सुझावको विषयमा आफू पनि व्यवसाय विस्तारकै पक्षमा रहने व्यक्ती भएको तर हालको अवस्था कम्पनीलाई स्थायित्व दिएर अगाडी बढ्नु राम्रो हुने सल्लाह भयो र कम्पनी नाफामा गए सङ्गै व्यवसाय विस्तारमा जाने बताउनु भयो । सफ्टवेयर खरिदको विषयमा खरिद गरिएको सफ्टवेयर भण्डारणको बुकिङ्ग, डब्लुआरएफ देखि लिएर अन्नको निकासी सम्मको सबै स्वचालित रूपमा सञ्चालन गर्ने सकिने सफ्टवेयर रहेको बताउनु भयो । यो सफ्टवेयर निर्माणको क्रममा रहेको र कम्पनीको टेक्निकल साझेदार National Commodities Management Services Limited (एनसिएमएल)ले निर्माण गरिरहेको समेत जानकारी दिनुभयो ।

NEPAL WAREHOUSING COMPANY LIMITED



Scanned with CamScanner

## ९. साधारण सभाका प्रस्तावहरू उपर सभाको निर्णय:

### क. सामान्य प्रस्ताव

१. आ.व. २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।

आ.व. २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्नका लागि सभामा निर्णयार्थ पेस हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट आ.व. २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन सर्वसम्मत पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा आ.व २०८०/८१ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण तथा अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।

उपरोक्त सम्बन्धमा लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा आ.व २०८०/८१ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण तथा अनुसूचीहरु माथि छलफल गरी पारित गर्नका लागि सभमा निर्णयार्थ पेस हुँदा सभा उपस्थित शेयरधनीहरूबाट लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा आ.व २०८०/८१ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण तथा अनुसूचीहरु सर्वसम्मत पारित गरियो ।

३. आ.व. २०८१/८२ को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

उपरोक्त सम्बन्धमा आ.व. २०८१/८२ का लागि लेखापरिक्षक (Statutory Auditor) मा हालका लेखापरिक्षक TR Upadhya & Co, Chartered Accountants नियुक्त हुन कानून बमोजिम नमिल्ने हुँदा सो बाहेकका ३ वटा लेखापरिक्षक फर्महरूबाट दरभाउ पत्र लिई दरभाउ पत्र पेश गर्ने मध्ये सबैभन्दा कम शुल्क पेश गर्ने लेखापरिक्षक फर्म P & B Associates, Chartered Accountants लाई आ.व. २०८१-८२ को लेखापरिक्षकमा नियुक्तिको लागि लेखापरिक्षणको पारिश्रमिक मूल्य अभिवृद्धि कर बाहेक रु. २००,०००।- (अक्षेरपी दुई लाख रुपैँया) रहने गरी सभामा पेश गरिएकोमा सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मत पारित गरियो ।

४. स्वतन्त्र सञ्चालकको नियुक्ती अनुमोदनको लागि पेस गरी पारित गर्ने ।

उपरोक्त सम्वन्धमा कम्पनीको पाँचौ वार्षिक साधारण सभाले सञ्चालक समितिले स्वतन्त्र सञ्चालक नियुक्त गरी आगामी साधारण सभामा अनुमोदनका लागि प्रस्ताव पेश गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान



NEPAL WAREHOUSING COMPANY LIMITED

गरेकोमा श्री सदिक्षा श्रेष्ठज्यू लाई नियुक्त गरि साधारण सभामा अनुमोदनका लागि प्रस्ताव पेश गरिएकोमा सभा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मत पारित गरियो ।

## ख. विशेष प्रस्ताव

१. कम्पनीको रजिस्टर्ड कार्यालयको ठेगाना परिवर्तन गर्ने ।

कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा न. ९ सिनामंगलमा रहेकोमा कम्पनीको रजिष्टर्ड कार्यालय ठेगाना परिवर्तन गरी पर्सा जिल्ला पर्सागढी नगरपालिका वडा न. ३ बिरुवागुठीमा रहने प्रस्ताव सभामा पेश गरिएकोमा सभा उपस्थित शेयरधनीहरूबाट पारित गरियो ।

२. कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन/थप गर्ने र नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा वा आवश्यकता अनुसार प्रबन्धपत्र तथा नियमावलीमा परिवर्तन वा संशोधन गर्न परेमा सो गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी दिने ।

कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन/थप गर्ने र नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा वा आवश्यकता अनुसार प्रबन्धपत्र तथा नियमावलीमा परिवर्तन वा संशोधन गर्न परेमा सो गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव सभामा पेश गरिएकोमा सभा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मत पारित गरियो ।

**प्रवन्धपत्रको दफा २ मा संशोधन सम्बन्धी तीन महले विवरण**

| साबिक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| दफा २.<br>कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगानाः<br>यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा न. ९ सिनामंगलमा रहने छ । | दफा २.<br>कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगानाः<br>यस कम्पनीको रजिष्टर्ड कार्यालय पर्सा जिल्ला पर्सागढी नगरपालिका वडा न. ३ बिरुवागुठीमा रहने छ । | ग्राहकहरूलाई अझ सहज तथा सुलभ तवरले सेवा प्रदान गर्ने हेतु तथा आवश्यकता अनुसार । |

NEPAL WAREHOUSING COMPANY LIMITED

## नियमावलीको नियम ५० (घ) मा भएको संशोधन र नियम ५० (ङ) थप सम्बन्धी तीन महले विवरण

| साबिक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| नियम ५०<br>(घ) उपनियम (१) बमोजिम कम्पनीमा निवेदन पर्न आएमा कम्पनीले सो कुराको जाँचबुझ गरी त्यस्तो शेयर वा डिबेञ्चर निजको नाममा हस्तान्तरण गरिदिनेछ । | नियम ५०<br>(घ) उपनियम (ग) बमोजिम कम्पनीमा निवेदन पर्न आएमा कम्पनीले सो कुराको जाँचबुझ गरी त्यस्तो शेयर वा डिबेञ्चर निजको नाममा हस्तान्तरण गरिदिनेछ । | संशोधन गर्न आवश्यक भएको हुनाले । |
| (ङ) व्यवस्था नरहेको । | (ङ) प्रचलित ऐन कानुनको अधीनमा रही कुनै पनि शेयरधनीले आफ्नो हकप्रद शेयर प्राप्त हुने हक अन्य कुनै व्यक्ति/संस्थालाई पूर्ण वा आंशिक रूपमा हक हस्तान्तरण/मनोनयन गर्न सक्नेछ । | हकप्रद शेयरको हक हस्तान्तरण/मनोनयन गर्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक रहेको हुनाले । |

NEPAL WAREHOUSING COMPANY LIMITED



Scanned with CamScanner

## १०. सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको निर्वाचन:

निर्वाचन अधिकृतको तर्फबाट संक्षिप्तमा निम्न बमोजिम सञ्चालकको निर्वाचन गरिएको जानकारी गराउनु भयो।

यस कम्पनीको नियमावलीको नियम २७(२) अनुसार शेयरधनी समूहको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ६ जना सञ्चालकमध्ये ५ जना सञ्चालकहरू मिति २०८०/०९/२७ मा निर्वाचित भइसकेका अवस्थामा बाँकी १ जना सञ्चालक पदको लागि निर्वाचन प्रकृया सञ्चालन गर्नुपर्ने भएकाले कम्पनीको सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०७६ बमोजिम निर्वाचन अधिकृत श्री गोविन्द श्रेष्ठलाई नियुक्त गरी निर्वाचन प्रक्रिया सुरु गरिएको बताउनु भयो।

निर्देशन ९(क) अनुसार तय गरिएको निर्वाचन कार्यक्रम मिति २०८२/०१/२८ गते सूचना पाटीमा टाँस गरी सार्वजनिक गरियो। सोही कार्यक्रम अनुसार मिति २०८२/०२/०१ गते प्रथम र अन्तिम मतदाता नामावली प्रकाशन, मिति २०८२/०२/०२ गते उम्मेदवारी दर्ता, उम्मेदवारको नामावली प्रकाशन तथा दाबी विरोधको प्रक्रिया सम्पन्न गरियो। उम्मेदवारी दर्ताको समयमा श्री लक्ष्मण बहादुर श्रेष्ठ र श्री अर्जुन पन्त गरी २ जना उम्मेदवारले आफ्नो नाम दर्ता गराउनु भयो। दाबी विरोध तथा उम्मेदवारी फिर्ताको समयभित्र कुनै उजुरी नआएको र कसैले उम्मेदवारी फिर्ता नलिएपछि दुवै उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरियो। तर, उम्मेदवारी फिर्ता गर्नुपर्ने तोकिएको समयावधि समाप्त भएपछि श्री लक्ष्मण बहादुर श्रेष्ठले मिति २०८२/०२/०४ गते अपराह्न ४ बजेर ३० मिनेट जादा आफ्नो उम्मेदवारी फिर्ता गर्ने निवेदन पेश गर्नुभयो। निर्वाचन निर्देशिका २०७६ को निर्देशन ६(ग) अनुसार अध्यक्षबाट स्वीकृति प्राप्त भई उहाँको उम्मेदवारी फिर्ता स्वीकृत भयो। जस अनुसार बाँकी उम्मेदवार श्री अर्जुन पन्त मात्र रही कायम भएकाले कम्पनीको नियमावली र निर्देशन १३ बमोजिम उहाँलाई निर्विरोध निर्वाचित भएको घोषणा निर्वाचन अधिकृतको तर्फबाट गरियो।

निर्विरोध निर्वाचित हुनु भएका श्री अर्जुन पन्तज्यूलाई हार्दिक बधाई व्यक्त गर्दै कम्पनीको सञ्चालकको रुपमा निर्वाचित भएको प्रमाणपत्र बुझी लिनुहुन निर्वाचन अधिकृतको तर्फबाट अनुरोध गरियो।

NEPAL WAREHOUSING COMPANY LIMITED



Scanned with CamScanner

**धन्यवाद ज्ञापन तथा सभा विसर्जन:**

अध्यक्षज्यूले श्री अर्जुन पन्तज्यूलाई हार्दिक बधाई व्यक्त गर्दै सभामा छलफलका लागि थप विषय बाँकी नरहेकोले सभामा उपस्थित शेयरधनी तथा अन्य सम्पूर्ण महानुभावहरूलाई सफलताका साथ छैटौं साधारण सभा सम्पन्न गर्न सहयोग गर्नु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै विधिवत् रूपमा सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| ............................ | ............................ |
| श्री आनन्द कुमार अग्रवाल वगडिया | श्री नरेन्द्र प्रसाद भट्ट |
| अध्यक्ष | कम्पनी सचिव |